स्थानीय राजपत्र

जानकी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ८ संख्या : ४ मिति २०८१/०७ /१०

भाग-२

# जानकी गाउँपालिका

## उपाध्यक्ष पोषण कार्यक्रम कार्यान्वयन गर्ने कार्यविधि, २०८१

प्रमाणीकरण मिति : २०८१/०७/०९

प्रस्तावना :

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रूपमै प्रत्याभूत गरेकोले गुणस्तरीय स्वास्थ्य तथा पोषण प्रवर्द्धन गर्न गाउँपालिका भित्र सुत्केरी हुने आमाहरूको

स्वास्थ्य स्थितिमा सकरात्मक सुधार ल्याउन, आमा र नवशिशुलाई स्वास्थ्य राख्न आमाहरूको उच्च सहभागिताको सुनिश्चितता गर्दै आमा तथा बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासमा सुधार ल्याउन पोषिलो खाना उत्प्रेरित र सशक्तिकरण गर्न वान्छनीय भएकोले, जानकी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७४ को दफा ४ बमोजिम जानकी गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: यस कार्यविधिको नाम "उपाध्यक्ष पोषण कार्यक्रम कार्यान्वयन गर्ने कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरून्त लागु हुनेछ।

२.परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम संचालन हुने क्रियाकलाप सम्झनु पर्दछ।

(ख) "सुत्केरी" भन्नाले जानकी गा.पा.अन्तर्गतका बर्थिङ सेन्टरमा प्रसूति सेवा लिएको वा बर्थिङ सेन्टरबाट आकस्मिक अवस्थामा रेफर गर्नु परेको कोसेली प्राप्त गर्ने आवेदक सम्झनु पर्दछ।

(ग) "बर्थिङ सेन्टर" भन्नाले गाउँपालिकामा रहेका २४सै घण्टा प्रसूति सेवा प्रदान गर्ने मान्यता प्राप्त स्वास्थ्य संस्था सम्झनु पर्दछ।

(घ) "प्रेषण" भन्नाले गर्भवती, प्रसूति तथा सुत्केरी अवस्थामा बर्थिङ सेन्टरबाट आकस्मिक अवस्थामा CEONC सेन्टरमा रेफर सम्झनु पर्दछ।

(ङ) "पोषण कोसेली" भन्नाले अण्डा, गेडागुडी, फलफुल, सर्वोटी, घिउ, पोषणयुक्त खाद्य पदार्थ आदि सम्झनु पर्दछ।

(च) "कोसेली प्राप्त पटक" भन्नाले २ पटकको सुत्केरीमा मात्र सम्झनु पर्दछ।

(छ) "चार पटक गर्भ जाँच" भन्नाले गर्भ रहेको १६, २० देखि २४, ३२ र ३६ हप्तामा प्रोटोकल अनुसार जाँच गरेको सम्झनु पर्दछ।

(ञ) "तीन पटक सुत्केरी जाँच" भन्नाले सुत्केरी भएको २४ घण्टा, तीन दिन र ७ देखी १४ दिनमा प्रोटोकल अनुसार जाँच गरेको सम्झनु पर्दछ ।

(झ) "अध्यक्ष" भन्नाले जानकी गाउँपालिकाका अध्यक्ष सम्झनु पर्दछ ।

(ञ) "उपाध्यक्ष" भन्नाले जानकी गाउँपालिकाका उपाध्यक्ष सम्झनु पर्दछ ।

(ट) "वडा अध्यक्ष" भन्नाले जानकी गाउँपालिका भित्रको वडाको अध्यक्ष सम्झनु पर्दछ ।

## परिच्छेद २

१. उद्देश्य :

१.१. मातृ तथा बाल स्वास्थ्यका साथै पोषण सेवा उपलब्ध गराउन र गलत सामाजिक अभ्यासहरू तथा कुरीतिहरूको अन्त्य गर्न,

१.२. आमा तथा अभिभावकहरूलाई पोषण सेवाको जानकारी गराउन र सेवा लिनको लागी अभिप्रेरित गर्न,

१.३. मातृ शिशु स्वास्थ्यमा समुदाय र स्थानीय स्वास्थ्य संस्था बिच सहकार्य बढाउन,

१.४. लक्षित समुदायलाई सेवा लिन अभिप्रेरित गर्न स्थानीय सरकारले जिम्मेवारी तथा अपनत्व वहन गरेको अनुभूति दिलाउन,

१.५. गरिब जोखिममा परेका र सामाजिक रूपमा उपेक्षित वर्गको महिलाहरूलाई स्वास्थ्य सेवामा सहभागी हुने अवसर प्रदान गर्न,

१.६. प्रजनन् स्वास्थ्य एक आधारभूत स्वास्थ्य सेवा भएको र यो सबैको अधिकार भएको कुरा समुदायको लक्षित वर्ग सम्म जानकारी गराउन तथा उनीहरूलाई यसको बारेमा सचेत गराउन,

१.७. स्वास्थ्य सेवाको उपयोगितामा बृद्धि गर्दै संस्थागत सुत्केरी सेवामा बृद्धि गर्न ।

२. पोषण कोसेली प्रदान गर्न सकिने :

२.१ जानकी गाउँपालिका अन्तर्गतका अस्पताल वा स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाहरूको हकमा मात्र लागु हुनेछ ,

२.२. जानकी गाउँपालिकाको स्थायी बासिन्दा भएको ,

२.३. नेपाली नागरिक भई २० बर्ष उमेर पुरा भएकोलाई मात्र ,

२.४. जानकी गाउँपालिका भन्दा अन्यत्रको नगरिकता भएमा विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी ,

२.५. यो कोसेली सुत्केरी महिलाले २ सुत्केरी अवधीसम्म मात्र पाउने छन् ।

३. पोषण कोसेली पाउने आधारहरू :

३.१. सुत्केरी महिलाको उमेर २० बर्ष पुरा भएको हुनुपर्ने ।

३.२. नेपाल सरकारले तोके बमोजिम स्वास्थ्य संस्थामा चार पटक गर्भजाँच गरेको हुनुपर्नेछ ,

३.३. गाउँपालिका भित्रको प्रसुति केन्द्रमा प्रसूति भएको हुनुपर्ने, बाहिर प्रसुति भएको हकमा स्थानीय प्रसूति केन्द्रमा प्रसूतिको समयमा जटिलता देखिएमा प्रेषण भएको हुनुपर्ने ,

३.४. कम्तीमा तीन पटक सुत्केरी जाँच गरेको हुनुपर्ने ,

३.५. अन्तर पालिकाको महिला जनकी गाउँपालिकाको स्वास्थ्य संस्थामा नियमित जाँच गराई प्रसूति केन्द्रमा प्रसूति भएमा निजले पनि यो कोसेली पाउने छन् ।

४. आवश्यक कागजातहरू :

४.१. अनुसुची -१ बमोजिमको फारम भरिएको निवेदन र सो निवेदनमा सम्बन्धित स्वास्थ्य संस्था प्रमुखको सिफारिस ।

४.२. सुत्केरी महिला वा निजको श्रीमानको नेपाली नागरिकताको प्रतिलिपि ।

४.३. राष्ट्रिय परिचय पत्र ।



CamScanner

४.४. महिलाको विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

४.५ महिलाको परिचय खुल्ने अन्य प्रमाण पत्रको प्रतिलिपी वा सम्बन्धित वडाको सिफारिस ।

४.७. शिशुको वडाबाट प्राप्त जारी जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

४.८. अस्पताल वा स्वास्थ्य संस्थाले उपलब्ध गराएको मातृ तथा नवशिशु सेवा कार्डको प्रतिलिपि ।

## परिच्छेद-३

५. पोषण कोसेली प्रदान गर्ने तरिका :

५.१. जानकी गाउँपालिका अन्तर्गत अस्पताल वा प्रसूति केन्द्र रहेको स्वास्थ्य संस्थाहरूमा अनुसुची १ बमोजिमको निबेदन दिनु पर्नेछ ।

५.२.पोषण कोसेली जानकी गाउंपालिकाले स्थानीय प्रसूति केन्द्र रहेको स्वास्थ्य संस्थाहरू वा अस्पतालमा वितरण गरिनेछ ।

५.३. पोषण कोसेली मासिक वा द्वैमासिक रूपमा एक पटक गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, वा अन्य प्रतिनिधी मार्फत बितरण गरिनेछ ।

६.पोषण कोसेलीमा प्रदान गरिने सामग्रीहरू :

जानकी गाउँ कार्यपालिकको कार्यालयको बजेटको परिधि भित्र रही प्रति सुत्केरी महिलालाई रू.१,५००।- (अक्षरूपी एक हजार पांच सय मात्र) सम्मको स्थानीय बजारमा उपलब्ध हुने अण्डा, गेडागुडी, फलफुल, क्वाँटी, घिउ आदि पोषण सामग्रीहरू बितरण गरिनेछ ।

७.विविध :

७.१. बाधा अड्काउ फुकाउन सक्ने : यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

७.२. कार्यविधिको संशोधन तथा परिमार्जनः कार्यपालिकाको बैठकले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

७.३. अनुसुचीमा हेरफेर तथा थपघटः कार्यपालिकाले अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

७.४. यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरू स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।

७.५. यस कार्यविधि बिपरित जानकी गाउँपालिका क्षेत्र बाहिर आफै प्रसूति हुन गएको महिलाको हकमा कोसेली उपलब्ध गराउन वा त्यस्तो निर्णय वा आदेश दिन वा सिफारिस तथा सहयोग गर्न पाईने छैन ।

## अनसुची -१

## पोषण कोसेली निवेदन तथा वितरण भरपाई

मिती :

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय
दुर्गौली ,कैलाली

विषय : पोषण कोसेली उपलब्ध गराई पाउँ ।

१. महिलाको नाम :.................................................................

२. ठेगाना : जिल्ला कैलाली ग.पा.............वडा नं.......गाउँ/टोल :.........

३. मातृ तथा नवशिशु स्वास्थ्य सेवा लिएको स्वास्थ्य संस्थाको नाम :.....................सेवा दर्ता नं.:.....

४. महिलाको नागरिकता प्रमाण पत्र नं.र जारी भएको जिल्ला ................,वा

५. राष्ट्रिय परिचय पत्र नं.......................................................,वा

६. महिलाको विवाह दर्ता प्रमाण पत्र नं.:..................................., वा

७. महिलाको परिचय खुल्ने अन्य प्रमाण पत्रको प्रतिलिपी वा सम्बन्धित वडाको सिफारिस

८. सम्भव भएमा नवशिशुको नाम :

९. जन्म मिती :.........................जन्मेको अस्पताल वा स्वास्थ्य संस्थाको नाम.................................

१०. जन्म दर्ता प्रमाण पत्र नं. :.........................................................

निवेदकको सही :.........................................

सम्बन्धित स्वास्थ्य संस्था प्रमुखको सिफारिस :

नाम :............................पद :....................सही :.............

स्वास्थ्य संस्थाको छाप :

पोषण कोसेली बुझेको भरपाई

म ...................................................ले यस स्वास्थ्य संस्थामा आएर प्रसूति सेवा लिएको/आकस्मिक अवस्थामा प्रेषण भई गएको हुंदा यस पालिकाले प्रदान गर्ने पोषण कोसेली १(एक) थान बुझिलिई यो भरपाई गरि दिएँ ।

दस्तखत :.................................

नाम ,थर :................................

ठेगाना :.....................................

सम्पर्क नं.:...............................

मिती :.......................................

आज्ञाले,
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner